सन्दकपुर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, इभाङ इलाम

विकास निर्माण, सुशासन प्रवर्द्धन र सार्वजनिक सेवा प्रवाह सम्बन्धी

सार्वजनिक सुनुवाई कार्यक्रम प्रतिवेदन

आर्थिक वर्ष २०८२/०८३

संयोजन/सहजीकरण तथा प्रतिवेदन तयारी

इलाम मल्टिपर्पोज कम्पनी प्रा.लि.

इलाम, नेपाल

असार, २०८३

विषय सूची

१. परिचय १
१.१ पृष्ठभूमि १
१.२ कार्यक्रमको उद्देश्य १
२. विधि २
२.१ समन्वय तथा प्रचार प्रसार २
२.२ सूचना तथा राय संकलन २
३. नतिजाहरू २
३.१ नागरिक प्रतिबेदन पत्रमार्फत प्राप्त प्रतिक्रिया र अवस्था २
३.१.१ २०८२ साउन १५ गतेको कार्यक्रम (पहिलो) को अवस्था २ ३.१.२
२०८३ जेठ २९ गतेको कार्यक्रम (दोश्रो) को अवस्था ६
३.२ बहिर्गमन अभिमतबाट प्राप्त प्रतिक्रिया र अवस्था १०
३.२.१ २०८२ साउन १५ गतेको कार्यक्रम (पहिलो) को अवस्था १०
३.२.२ २०८३ जेठ २९ गतेको कार्यक्रम (दोश्रो) को अवस्था १२
३.३ सकारात्मक प्रयास १४
४. कार्यक्रमको विवरण १४
४.१ सवाल जवाफ १५
४.१.१ २०८२ साउन १५ गते भएको पहिलो सार्वजनिक सुनुवाई कार्यक्रमको सवाल जवाफ १५
४.१.२ २०८३ जेठ २९ गते भएको दोश्रो सार्वजनिक सुनुवाई कार्यक्रमको सवाल जवाफ १७
४.२ प्रतिवद्धता २१
५. निष्कर्ष २१
अनुसुचि १ : खर्च विवरण २२
अनुसुचि २ : सार्वजनिक सुनुवाई कार्यक्रमको समय तालिका..२३
अनुसुचि ३ : सहभागीहरूको उपस्थिती २९
अनुसुचि ४ : कार्यक्रमका झलकहरू ३५

१. परिचय

१.१ पृष्ठभूमि

स्थानीय तहहरूले प्रदान गर्ने सेवा सुविधाको सन्दर्भमा स्थानीय तहका पदाधिकारीहरू तथा सरोकारवाला नागरिक बीच सार्वजनिक स्थानमा गरिने खुला छलफल नै सार्वजनिक सुनुवाई हो । यस किसिमको छलफलले शासन सञ्चालनमा पारदर्शिता, नेतृत्वमा जवाफदेहिता र सार्वजनिक चासोका बिषयमा आम नागरिकहरूको सूचनामा पहुँचलाई मजबुत बनाउनुका साथै सार्वजनिक सेवा, वस्तु र निर्णय प्रकृयामा आम नागरिकको सहभागितालाई प्रवर्द्धन गर्दछ । यसबाट सार्वजनिक वस्तु, सेवा र विकास निर्माणका कृयाकलापहरू जनअपेक्षा बमोजिम सञ्चालन गर्ने संस्कारको विकास गर्न समेत टेवा पुग्दछ ।

सार्वजनिक सुनुवाइले जिम्मेवार पदाधिकारीहरूलाई सार्वजनिक वस्तु, सेवा र सुविधाको बारेमा सेवाग्राहीबाट पृष्ठपोषण प्राप्त गर्ने अवसर प्रदान गरी कमी कमजोरीहरू सच्याउन मद्दत गर्दछ । यसरी सार्वजनिक सुनुवाइले जिम्मेवार पदाधिकारीहरूलाई निरन्तर नागरिकहरूप्रति जवाफदेही हुन र पारदर्शी रुपमा शासन सञ्चालन गर्न समेत उत्साहित गर्दछ । सार्वजनिक सुनुवाइमा सार्वजनिक चासोका बिषयमा जिम्मेवार पदाधिकारी तथा सेवाग्राही बीच प्रश्नोत्तर हुनुका साथै सेवाग्राहीले सार्वजनिक वस्तु, सेवा र सुविधा प्रवाहमा आगामी दिनमा गरेका सुधारहरू समेत प्रष्फुटित हुने र जिम्मेवार पदाधिकारीहरूबाट उक्त सुधारहरू हासिल गर्ने संभावनाहरूको बारेमा जानकारी प्रदान गर्ने प्रकृयाबाट सुधारका प्रतिवद्धताहरू समेत तयार हुन्छ ।

यसरी तयार भएको प्रतिवद्धता कार्यान्वयनबाट नै सुधारको अपेक्षा गर्न सकिन्छ । सन्दकपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको आयोजनामा एवम् इलाम मल्टिपर्पोज कम्पनी प्रालि इलामको संयोजन र सहजीकरणमा सार्वजनिक जवाफदेहीता प्रवर्द्धन सम्बन्धी कार्यविधि २०७८ बमोजिम सन्दकपुर गाउँपालिका काउँ कार्यपालिकाको कार्यालय एवम् विषयगत शाखाहरुले सम्पादन गरेका विकास निर्माण, सुशासन प्रवर्द्धन र सेवा प्रवाह सम्बन्धी सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरी कार्यक्रमको प्रतिवेदन तयार गरिएको छ। २०८२ साउन १५ गते बिहीबार समेन्चनेङ भवनमा र २०८३ जेठ शुक्रबार गाउँ कार्यपालिकाको कार्यालय प्राङ्गणमा गरी गरी दुईपटक सन्दकपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय माबुमोड देउराली इलामको सार्वजनिक सुनुवाइ कार्यक्र संचालन गरिएको थियो ।

१.२ कार्यक्रमको उदेश्य

सन्दकपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय र विषयगत शाखाहरुको सार्वजनिक सेवाप्रति सेवाग्राहीबाट पृष्ठपोषण प्रमुख उदेश्य हो भने सहायक उदेश्यहरु निम्नानुसार रहेको छ ।

- सन्दकपुर गाउँपालिका र विषयत शाखाबाट सम्पादन भएका विकास निर्माण, सुशासन प्रवर्द्धन र सेवाप्रवाह सम्बन्धी जानकारी दिने ।
- सन्दकपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय र विभिन्न विषयगत शाखाहरुबाट प्रदान गरीने सेवामा सेवाग्राहीले उठाएका प्रश्नहरूमा स्पष्टता ल्याउने ।
- नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्ने तथा आगामी दिनमा सोको कार्यान्वयन गर्ने ।
- सन्दकपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय र विभिन्न विषयगत शाखाहरुका जनप्रतिनिधि तथा कर्मचारीहरूमा जवाफदेही संस्कार बसाउने ।
- दोहोरो संवादबाट जिम्मेवार अधिकारी र नागरिक बीचको दूरी कम गरी सेवा, वस्तु र सुविधा प्रदायक अधिकारी सहजकर्तामा रुपान्तरीत भई सुशासनको प्रत्याभूति दिने ।
- सन्दकपुर गाउँपालिकामा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन गर्ने ।
- सन्दकपुर गाउँपालिकाबाट प्रदान गरिने सेवाबारे जनगुनासो सुन्न र त्यसको यथोचित समाधान गर्ने ।
- सेवाग्राही र सेवा-प्रदायकबीच विश्वासको वातावरण सिर्जना गर्ने ।
- सचेत सेवाग्राही र कर्तव्यनिष्ठ सेवा-प्रदायकको विकास गर्ने ।

२. विधि

२.१ समन्वय तथा प्रचार प्रसार

सन्दकपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यायका कर्मचारीहरू जनप्रतिनिधि एवम् कर्मचारीहरुसँग कार्यक्रमको विषयमा छलफल गरी सबै कर्मचारीहरूलाई कार्यक्रमको जानकारी गराईएको थियो । कार्यालयबाट सार्वजनिक सूचना प्रकाशन गरी सुचना गराईएको थियो । वडा तथा टोल र बजार क्षेत्रमा सुचना समेत टाँस गरिएको थियो । कार्यक्रमको आम नागरिकलाई स्थानीय सञ्चारमाध्यमबाट सूचना प्रसारण गरी एवम् निमन्त्रणपत्र पठाएर सरोकारवालाहरुलाई जानकारी गराईएको थियो । समन्वय बैठक राखी कार्यक्रमको पूर्व तयारी तथा कार्यक्रमको जानकारी गराईएको थियो । सार्वजनिक सुनुवाइलाई प्रभावकारी बनाउनका लागि स्थानीय स्तरमा सूचना तथा पत्राचार गरिएको थियो ।

२.२ सूचना तथा राय संकलन

क) नागरिक प्रतिवेदन पत्र

नागरिक प्रतिवेदन पत्रको लागि फारामको प्रयोग गरी प्रत्येक कार्यक्रमका लागि ३०/३० जना गरी ६० जना सरोकारवालासँग अन्तवार्ता लिईएको दियो । सन्दकपुर गाउँपालिकाले स्वीकृत गरेको सार्वजनिक जवाफदेहीता प्रवर्द्धन सम्बन्धी कार्यविधि २०७८ को अनुसूचि १९ को प्रश्नावली सोधेका थियौं । सो पत्रको लागि दलित, जनजाति, बालबालिका, महिला एवम् पिछडिएका वर्गको प्रतिनिधित्व भएको थियो । नागरिक प्रतिवेदन पत्रका लागि अन्तरवार्तामा भाग लिएका सम्पूर्ण उत्तरदाताहरूलाई कार्यक्रममा भाग लिन निमन्त्रणा गरिएको थियो । संकलित नागरिक विचारलाई विश्लेषण गरि सार्वजनिक सुनुवाइ कार्यक्रमहरूमा प्रस्तुत गरिएको थियो ।

ख) बहिर्गमन अभिमत

सेवाग्राहीले सेवा लिने बित्तिकै सेवा प्रतिको धारणा लिन बहिर्गमन अभिमत लिने गरिन्छ । कार्यालयबाट सेवा, वस्तु तथा सुविधा प्राप्त गरी बाहिरिएका नागरिक मध्येबाट आकस्मिक नमुना छनौट विधि प्रयोग गरी ३०/३० जना गरी ६० जना सेवाग्राहीलाई बहिर्गमन अभिमत सूचना संकलन गरिएको थियो । त्यसरी संकलित अभिमतको नतिजा सार्वजनिक सुनुवाइ कार्यक्रममा प्रस्तुत गरियो । यसरी बहिर्गमन अभिमतका लागि छनौटमा परी अभिमत दिने सबै ६० जनालाई सार्वजनिक सुनुवाई कार्यक्रममा भाग लिन निमन्त्रणा दिइएको थियो । अभितका लागि सन्दकपुर गाउँपालिकाले स्वीकृत गरेको सार्वजनिक जवाफदेहीता प्रवर्द्धन सम्बन्धी कार्यविधि २०७८ को अनुसूचि २० को प्रश्नावली सोधेका थियौं ।

ग) नागरिक वडापत्र अनुसार सार्वजनिक सेवा प्रवाह सम्बन्धी अध्ययन गाउँपालिकाले प्रदान गरेको सेवाको लागि दर्ता, जन्मदर्ता, नागरिक वडापत्रमा उल्लेख भए अनुसारको कार्य सम्पादन गरे नगरेको वारेमा कार्यालयमा गएर अवलोकन गरिएको थियो ।

३. नतिजाहरू

३.१ नागरिक प्रतिवेदन पत्रमार्फत प्राप्त प्रतिक्रिया र अवस्था

३.१.१ २०८२ साउन १५ गतेको कार्यक्रम (पहिलो) को अवस्था

सार्वजनिक सुनुवाई भन्नाले सरोकारवाला सर्वसाधारण नागरिक र अधिकारमा बसेका सार्वजनिक निकायका पदाधिकारीहरु बिच सार्वजनिक चासोका विषयमा सार्वजनिक थलोमा खुल्ला छलफल गर्ने प्रक्रियालाई जनाउँदछ । यस अर्न्तगत नागरिक प्रतिवेदन पत्र भन्नाले सेवाग्राही नागरिकले सार्वजनिक सेवा प्रदायक संस्थाहरुबाट सेवा लिँदा प्रत्यक्ष अनुभव गरेका, भोगेका र देखेका कुराहरुलाई उल्लेख गरी सेवा प्रदायक संस्थालाई पृष्ठपोषण गर्ने पद्धतिलाई जनाउँछ । यसै आधारमा ३० जना सेवाग्राहीहरुसँग अन्तरवार्ता लिाई नागरिक प्रतिवेदन पत्र भाग १ र २ भरी प्रतिवेदन तयार गरिएको थियो । सो पत्रको लागि दलित, जनजाति, महिला एवम् पिछडिएका वर्गको प्रतिनिधित्व भएको थियो । नागरिक प्रतिवेदन पत्रका लागि अन्तरवार्तामा भाग लिएका सम्पूर्ण उत्तरदाताहरूलाई कार्यक्रममा भाग लिन निमन्त्रणा गरिएको थियो । संकलित नागरिक विचारलाई विश्लेषण गरि सार्वजनिक सुनुवाइ कार्यक्रमहरूमा प्रस्तुत गरिएको छ ।

`

सेवाग्राहीको विवरण :

क. जातजाति

जम्मा	आदिवासी जनजाति	दलित	मधेसी	मुस्लिम	खस आर्य	अन्य कुनै
३०	१८	३	०	०	९	०

ख. लिङ्ग

नागरिक सहभागी	महिला	पुरुष
३०	१२	१८

ग. उमेर

जम्मा	बालबालिका (१८ वर्षसम्म)	युवा (१९ देखि ४० वर्षसम्म)	४१ वर्षभन्दा माथि उमेर
३१	२	१४	१४

घ. शिक्षा

जम्मा	एसएलसी/एसईईसम्म	एसएलसी/एसईई भन्दा माथि
३०	२१	९

<u>नागरिक प्रतिवेदन पत्र भाग १</u>

क.सं.	सेवाको नाम	सोधिएको प्रश्न	सेवाको मूल्याङ्कन संख्यामा		
१	सेवाको सन्तुष्टि	१.१ तपाइले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्ट पाउनुभयो ?	सन्तुष्ट	ठीकै	असन्तुष्ट
			९	१८	३
		१.२ सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?	सन्तुष्ट	ठीकै	असन्तुष्ट
			१६	१३	१
२.	सेवाको नियमितता	२.१ नागरिक बडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?	सन्तुष्ट	ठीकै	असन्तुष्ट
			९	२१	०
		२.२ कार्यालय नियमित रुपमा (कर्मचारीको उपस्थिति, समय पालना, कार्य चुस्तता) सञ्चालन भएको छ भन्ने कुरामा कतिको विश्वस्त हुनुहुन्छ ?	विश्वस्त	ठीकै	अविश्वस्त
			१७	११	२
		२.३ तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?	तिरको छैन	एकदमै कम	धेरै तिरेको
			२६	४	०
		२.४ यस कार्यालयले सार्वजनिक चासो तथा समस्या समाधान गर्न औसत कति दिन लगाउने गरेको छ ?	१ दिन	२ दिन	धेरै दिन
			१२	११	७
३.	सेवाप्रतिको जनविश्वास	३.१ वडाले दिने सेवाप्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ?	विश्वस्त	ठीकै	अविश्वस्त
			११	१५	४
		३.२ यस कार्यालयले प्रदान गरेको सेवाको बारेमा अरुलाई जानकारी गराई कत्तिको प्रचार गर्नु भएको छ ?	धेरै	ठीकै	गरेको छैन
			६	१२	१२
		३.३ यस संस्थामा कार्यरत कर्मचारी प्रति तपाईको विश्वास कत्तिको छ ?	धेरै	ठीकै	विश्वास छैन
			१८	१२	०
		३.४ यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनुभएको छ ?	छ	छैन	अलिअलि थाहा छ
			७	१७	६

४.	सेवाको गुणस्तर	४.१ यस कार्यालयबाट सेवा लिंदा कार्यालयले दिएको जानकारीबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ?	सन्तुष्ट	कम सन्तुष्ट	असन्तुष्ट
			२४	५	१
		४.२ तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो ?	आफैं	गाउँका ठूलाबडाको	मध्यस्तकर्ता
			१९	११	०
		४.३ यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पर्‍यो?	१ पटक	२ पटक	सो भन्दा बढी
			१४	१२	४
५.	सेवा सम्बन्धी जानकारी	५.१ कार्यालयको भौतिक अवस्था कस्तो छ ?	अति राम्रो	ठीकै	नराम्रो
			१४	१२	४
		५.२ कार्यालयमा भएको नागरिक बडापत्रबारे तपाईलाई जानकारी छ ?	छ	आशिंक जानकारी छ	कुनै जानकारी छैन
			११	१०	९
		५.३ कार्यालय र सेवाग्राही बीचको सम्बन्ध कस्तो छ ?	अति राम्रो	ठीकै	खासै राम्रो छैन
			१०	२०	०
		५.४ पालिका तहमा सञ्चालन गरिने सार्वजनिक कार्यक्रममा सीमान्त वर्गको उपस्थिति कति प्रतिशतसम्म हुने गरेको छ ?	२० प्रतिशत	५० प्रतिशत	थाहा छैन
			१२	८	१०
		५.५ सभाबाट कानुन बनाउँदा र कार्यपालिकामा नीति, नियम, निर्देशिका, मापदण्ड तयार गर्दा छलफलमा प्रतिनिधित्वि भएका छ ?	छ	ठीकै छ	प्रतिनिधित्व साह्रै कम छ
			४	१२	१४
६.	नागरिक बडापत्र/ उजुरी पेटिका/ गुनासो सुन्ने अधिकारी सम्बन्धमा	६.१ तपाईको विचारमा सेवाग्राहीले नागरिक बडापत्रको उपयोग कुन हदसम्म गरेका छन् ?	धेरै	कम	गरेको छैन
			८	१०	१२
		६.२ तपाईको विचारमा गाउँपालिका वा सेवाप्रदायकहरूले नागरिक बडापत्र अनुरुप कति हदसम्म सेवा प्रदान गरेको जस्तो लाग्छ ?	धेरै	ठीकै	अति कम
			१५	८	७
		६.३ तपाईको विचारमा उजुरी पेटिकाको उपयोग कुन हदसम्म भएको छ ?	धेरै भएको छ	ठीकै भएको छ	भएकै छैन
			२	१०	१८

नागरिक प्रतिवेदन पत्र भाग २

१.	सिफारिस सम्बन्धी	१.१ सिफारिसको लागि चाहिने आवश्यक कागजातहरूको प्रष्ट जानकारी पाउनु भयो?	पाएँ	ठीकै पाएँ	स्पष्ट पाइन
			२२	८	०
		१.२ कुनै सिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम दिनु पर्‍यो?	दिएँ	थोरै दिएँ	मागिएन र दिइएन पनि
			०	१	२९
		१.३ त्यहाँबाट दिने सिफारिस लिंदा कसको सहयोग लिनुभयो ?	आफैं	मध्यस्तकर्ता वा कार्यालयकै मान्छे	नेता/ठूलाबडा
			१९	८	३

		१.४ राजस्व कोकोसँग उठाउने गर्छन् ?	सबैसँग	सीमित व्यक्तिसँग	आयको आधारमा	
			१८	२	१०	
		१.५ शल्क, सेवादस्तुर कोकोसँग उठाउने गर्छन् ?	सेवाग्राहीसँग	कुनैकुनै सेवाग्राहीसँग मात्र		
			२६	४		
२.	पुर्वाधार विकास, वातावरण र सरसफाई सम्बन्धी	२.१ कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?	राम्रो	ठीकै	खराब	
			१७	१२	१	
		२.२ कार्यालयमा सेवा प्रवाह र कार्यसम्पादन सम्बन्धी गुनासो गर्दा त्यसमाथि कारवाही कत्तिको गरिन्छ ?	तुरुन्तै	पटकपटक भनेपछि मात्र	जति भनेपनि हुन्न	
			६	२०	४	
		२.३ तपाईको विचारमा गाउँपालिकाले पूर्वाधार सम्बन्धी कार्यक्रम के कस्तो किसिमले गर्छ ?	नियमित र राम्रोसँग	ठीकै गर्छ	नियमित रुपमा गर्दैन	
			१७	१०	३	
		२.४ तपाईको गाउँपालिकामा विकास निर्माणको स्थिति कस्तो छ ?	राम्रो	ठीकै	खराब	
			११	१२	७	
		२.५ तपाईको पालिकाले सञ्चालन गरेका योजनाहरू कत्तिको प्रभावकारी छन् ?	प्रभावकारी	ठीक	प्रभावकारी छैनन्	
			२२	८	०	
		२.६ स्थानीय सरकारमा आयोजनाको विल भुक्तानी दिने व्यवस्था कस्तो छ ?	सहज	असहज	ठीकै	अप्ठ्यारो
			७	९	१०	४
		२.७ आयोजना सम्पन्न भएपछि जाँचपास गर्दा प्राविधिकहरूलाई रकम दिनुपर्छ ?	पर्दैन	मागेर लिन्छन्	रकम नदिए अप्ठ्यारो पार्छन्	
			३०	०	०	
		२.८ आयोजना सञ्चालन गर्दा गाउँपालिकाबाट प्राविधिक सहयोग कत्तिको पाउनु भयो ?	सजिलै पाइयो	कहिलेकाँही	माग गर्दा पनि पाइएन	
			२६	४	०	
		२.९ गाउँपालिकामा विकास निर्माणका बारेमा जानकारी माग्दा पाउनु हुन्छ ?	सजिलै	सोधेपछि	सोधेपनि पाइदैन	
			८	२२	०	
		२.१० गाउँपालिकाबाट आचारसंहिता पालना भएको छ ?	भएको छ	ठीकै पालना भएको छ	कति पनि पालना भएको छैन	
			१३	१७	०	
		२.११ आयोजना संचालन गर्दा गाउँपालिकाबाट कत्तिको सहयोग पाउनुभएको छ ?	धेरै	ठीकै	निरुत्साहित गरिन्छ	
			११	१९	०	
३.	गाउँपालिकाको वित्तीय व्यवस्थापन ।	३.१ आर्थिक श्रोत कस्तो छ ?	आवश्यक श्रोत उपलब्ध	कम श्रोत उपलब्ध	अतिकम श्रोत उपलब्ध	
			११	११	८	

	कार्यसम्पादन	३.२ काम गर्ने प्रणाली र प्रक्रिया कस्तो छ ?	अति सरल	ठीकै	जटिल	
			१२	१८	०	
		३.३ कार्यालयमा भएका कर्मचारीमा वित्त व्यवस्थापन र परिचालनमा सीप कस्तो छ ?	आवश्यक	आवश्यकता भन्दा कम	निकै कम	
			२३	६	१	
		३.४ गाउँपालिकाको आम्दानी र खर्च बाहिर सूचना पाटीमा टाँसेको देख्नुभयो?	टाँसेको देखेको छु	टाँसेको कहिलेकाँही	खै कतै देखिएन	
			५	११	१४	
		३.५ कार्य सम्पन्नताको आधारमा मूल्यांकन भएको छ कि छैन ?	छ	ठीकै	कहिलेपनि भएको थाहा छैन	
			२२	८	०	
		३.६ कार्य सञ्चालन संरचनाप्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?	सन्तुष्ट	ठीकै	कुनै जानकारी छैन	
			१०	१७	३	
४.	पारदर्शिता सम्बन्धी	४.१ यस गाउँपालिकाको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?	धेरै जानकारी पाएको	ठीकै जानकारी पाएको	कम जानकारी पाएको	
			७	१४	९	
		४.२ गाउँपालिकाले निर्माण गरेका ऐन, नियम, नीति, निर्णय, बजेट, कार्यक्रम, कार्यप्रगति आदि सम्बन्धी विविरण सार्वजनिक हुने गर्दछ ?	हुने गरेको	हुने गरेका छैन	जानकारी नै छैन	
			२७	३	०	
		४.३ सार्वजनिक हुन माध्यम के के हुन् ?	वेवसाइट	सूचना पाटी	पत्रपत्रिका र मिडिया	सार्वजनिक सुनुवाई
			६	७	१०	७
		४.४ गाउँपालिका कार्यालयबाट तपाईले चाहेको विविरण पाउनस भएको छ ?	सहजै	धेरैपटक धाएपछि	पाइन	वास्ता नै गरिएन
			२६	४	०	०

३.१.२ २०८३ जेठ २९ गतेको कार्यक्रम (दोस्रो) को अवस्था

सेवाग्राहीको विवरण :

क. जातजाति

जम्मा	आदिवासी जनजाति	दलित	मधेसी	मुस्लिम	खस आर्य	अन्य कुनै
३०	२२	२	०	०	६	०

ख. लिङ्ग

नागरिक सहभागी	महिला	पुरुष
३०	६	२४

ग. उमेर

जम्मा	बालबालिका (१८ वर्षसम्म)	युवा (१९ देखि ४० वर्षसम्म)	४१ वर्षभन्दा माथि उमेर
३०	२	१८	१०

घ. शिक्षा

जम्मा	एसएलसी/एसईईसम्म	एसएलसी/एसईई भन्दा माथि
३०	११	१९

नागरिक प्रतिवेदन पत्र भाग १

क्र.सं.	सेवाको नाम	सोधिएको प्रश्न	सेवाको मूल्याङ्कन संख्यामा		
१	सेवाको सन्तुष्टि	१.१ तपाइले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्ट पाउनुभयो ?	सन्तुष्ट	ठीकै	असन्तुष्ट
			१२	१७	१
		१.२ सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?	सन्तुष्ट	ठीकै	असन्तुष्ट
			१२	१७	१
२.	सेवाको नियमितता	२.१ नागरिक बडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?	सन्तुष्ट	ठीकै	असन्तुष्ट
			७	२३	०
		२.२ कार्यालय नियमित रुपमा (कर्मचारीको उपस्थिति, समय पालना, कार्य चुस्तता) सञ्चालन भएको छ भन्ने कुरामा कतिको विश्वस्त हुनुहुन्छ ?	विश्वस्त	ठीकै	अविश्वस्त
			१०	१६	४
		२.३ तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?	तिरको छैन	एकदमै कम	धेरै तिरेको
			३०	०	०
		२.४ यस कार्यालयले सार्वजनिक चासो तथा समस्या समाधान गर्न औसत कति दिन लगाउने गरेको छ ?	१ दिन	२ दिन	धेरै दिन
			८	५	१७
३.	सेवाप्रतिको जनविश्वास	३.१ वडाले दिने सेवाप्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ?	विश्वस्त	ठीकै	अविश्वस्त
			२०	९	१
		३.२ यस कार्यालयले प्रदान गरेको सेवाको बारेमा अरुलाई जानकारी गराई कत्तिको प्रचार गर्नु भएको छ ?	धेरै	ठीकै	गरेको छैन
			१२	१४	४
		३.३ यस संस्थामा कार्यरत कर्मचारी प्रति तपाईको विश्वास कत्तिको छ ?	धेरै	ठीकै	विश्वास छैन
			४	२६	०
		३.४ यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनुभएको छ ?	छ	छैन	अलिअलि थाहा छ
			१४	३	१३
४.	सेवाको गुणस्तर	४.१ यस कार्यालयबाट सेवा लिंदा कार्यालयले दिएको जानकारीबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ?	सन्तुष्ट	कम सन्तुष्ट	असन्तुष्ट
			२८	२	०
		४.२ तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो ?	आफैं	गाउँका ठूलाबडाको	मध्यस्तकर्ता
			२९	०	१
		४.३ यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पर्‍यो?	१ पटक	२ पटक	सो भन्दा बढी
			७	१०	१३

५.	सेवा सम्बन्धी जानकारी	५.१ कार्यालयको भौतिक अवस्था कस्तो छ ?	अति राम्रो	ठीकै	नराम्रो
			२	२७	१
		५.२ कार्यालयमा भएको नागरिक बडापत्रबारे तपाईलाई जानकारी छ ?	छ	आशिंक जानकारी छ	कुनै जानकारी छैन
			१७	८	५
		५.३ कार्यालय र सेवाग्राही बीचको सम्बन्ध कस्तो छ ?	अति राम्रो	ठीकै	खासै राम्रो छैन
			१४	१६	०
		५.४ पालिका तहमा सञ्चालन गरिने सार्वजनिक कार्यक्रममा सीमान्त वर्गको उपस्थिति कति प्रतिशतसम्म हुने गरेको छ ?	२० प्रतिशत	५० प्रतिशत	थाहा छैन
			२३	०	७
		५.५ सभाबाट कानुन बनाउँदा र कार्यपालिकामा नीति, नियम, निर्देशिका, मापदण्ड तयार गर्दा छलफलमा प्रतिनिधित्वि भएका छ ?	छ	ठीकै छ	प्रतिनिधित्व साह्रै कम छ
			५	८	१७
६.	नागरिक बडापत्र/ उजुरी पेटिका/ गुनासो सुन्ने अधिकारी सम्बन्धमा	६.१ तपाईको विचारमा सेवाग्राहीले नागरिक बडापत्रको उपयोग कुन हदसम्म गरेका छन् ?	धेरै	कम	गरेको छैन
			२९	०	१
		६.२ तपाईको विचारमा पालिका वा सेवाप्रदायकहरूले नागरिक बडापत्र अनुरुप कति हदसम्म सेवा प्रदान गरेको जस्तो लाग्छ ?	धेरै	ठीकै	अति कम
			१	२९	०
		६.३ तपाईको विचारमा उजुरी पेटिकाको उपयोग कुन हदसम्म भएको छ ?	धेरै भएको छ	ठीकै भएको छ	भएकै छैन
			०	४	२६

नागरिक प्रतिवेदन पत्र भाग २

१.	सिफारिस सम्बन्धी	१.१ सिफारिसको लागि चाहिने आवश्यक कागजातहरूको प्रष्ट जानकारी पाउनु भयो?	पाएँ	ठीकै पाएँ	स्पष्ट पाइन
			२५	३	२
		१.२ कुनै सिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम दिनु पऱ्यो?	दिएँ	थोरै दिएँ	मागिएन र दिइएन पनि
			०	०	३०
		१.३ त्यहाँबाट दिने सिफारिस लिंदा कसको सहयोग लिनुभयो ?	आफैं	मध्यस्तकर्ता वा कार्यालयकै मान्छे	नेता/ठूलाब डा
			२९	१	०
		१.४ राजस्व कोकोसँग उठाउने गर्छन् ?	सबैसँग	सीमित व्यक्तिसँग	आयको आधारमा
			६	२	२२
		१.५ शल्क, सेवादस्तुर कोकोसँग उठाउने गर्छन् ?	सेवाग्राहीसँग	कुनैकुनै सेवाग्राहीसँग मात्र	
			३०	०	

२.	पुर्वाधार विकास, वातावरण र सरसफाई सम्बन्धी	२.१ कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?	राम्रो	ठीकै	खराब	
			२	२७	१	
		२.२ कार्यालयमा सेवा प्रवाह र कार्यसम्पादन सम्बन्धी गुनासो गर्दा त्यसमाथि कारवाही कत्तिको गरिन्छ ?	तुरुन्तै	पटकपटक भनेपछि मात्र	जति भनेपनि हुन्न	
			२	२८	०	
		२.३ तपाईको विचारमा पालिकाले पूर्वाधार सम्बन्धी कार्यक्रम के कस्तो किसिमले गर्छ ?	नियमित र राम्रोसँग	ठीकै गर्छ	नियमित रुपमा गर्दैन	
			०	३०	०	
		२.४ तपाईको गाउँपालिकामा विकास निर्माणको स्थिति कस्तो छ ?	राम्रो	ठीकै	खराब	
			०	२८	२	
		२.५ तपाईको पालिकाले सञ्चालन गरेका योजनाहरू कत्तिको प्रभावकारी छन् ?	प्रभावकारी	ठीक	प्रभावकारी छैनन्	
			१	२७	२	
		२.६ स्थानीय सरकारमा आयोजनाको विल भुक्तानी दिने व्यवस्था कस्तो छ ?	सहज	असहज	ठीकै	अप्ठ्यारो
			९	५	१६	०
		२.७ आयोजना सम्पन्न भएपछि जाँचपास गर्दा प्राविधिकहरूलाई रकम दिनुपर्छ ?	पर्दैन	मागेर लिन्छन्	रकम नदिए अप्ठ्यारो पार्छन्	
			२५	१	४	
		२.८ आयोजना सञ्चालन गर्दा पालिकाबाट प्राविधिक सहयोग कत्तिको पाउनु भयो ?	सजिलै पाइयो	कहिलेकाँही	माग गर्दा पनि पाइएन	
			५	२४	१	
		२.९ पालिकामा विकास निर्माणका बारेमा जानकारी माग्दा पाउनु हुन्छ ?	सजिलै	सोधेपछि	सोधेपनि पाइदैन	
			३	२६	१	
		२.१० पालिकाबाट आचारसंहिता पालना भएको छ ?	भएको छ	ठीकै पालना भएको छ	कति पनि पालना भएको छैन	
			०	२९	१	
		२.११ आयोजना संचालन गर्दा पालिकाबाट कत्तिको सहयोग पाउनुभएको छ ?	धेरै	ठीकै	निरुत्साहित गरिन्छ	
			३	२६	१	
३.	गाउँपालिकाको वित्तीय व्यवस्थापन । कार्यसम्पादन	३.१ आर्थिक श्रोत कस्तो छ ?	आवश्यक श्रोत उपलब्ध	कम श्रोत उपलब्ध	अतिकम श्रोत उपलब्ध	
			६	२१	३	
		३.२ काम गर्ने प्रणाली र प्रक्रिया कस्तो छ ?	अति सरल	ठीकै	जटिल	
			०	३०	०	
		३.३ कार्यालयमा भएका कर्मचारीमा वित्त व्यवस्थापन र परिचालनमा सीप कस्तो छ ?	आवश्यक	आवश्यकता भन्दा कम	निकै कम	
			२०	१०	०	

		३.४ पालिकाको आम्दानी र खर्च बाहिर सूचना पाटीमा टाँसेको देख्नुभयो?	टाँसेको देखेको छु	टाँसेको कहिलेकाँही	खै कतै देखिएन	
			७	११	१२	
		३.५ कार्य सम्पन्नताको आधारमा मूल्यांकन भएको छ कि छैन ?	छ	ठीकै	कहिलेपनि भएको थाहा छैन	
			१	२८	१	
		३.६ कार्य सञ्चालन संरचनाप्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?	सन्तुष्ट	ठीकै	कुनै जानकारी छैन	
			०	३०	०	
४.	पारदर्शिता सम्बन्धी	४.१ यस पालिकाको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?	धेरै जानकारी पाएको	ठीकै जानकारी पाएको	कम जानकारी पाएको	
			१०	१७	३	
		४.२ पालिकाले निर्माण गरेका ऐन, नियम, नीति, निर्णय, बजेट, कार्यक्रम, कार्यप्रगति आदि सम्बन्धी विविरण सार्वजनिक हुने गर्दछ ?	हुने गरेको	हुने गरेका छैन	जानकारी नै छैन	
			३०	०	०	
		४.३ सार्वजनिक हुन माध्यम के के हुन् ?	वेवसाइट	सूचना पाटी	पत्रपत्रिका र मिडिया	सार्वजनिक सुनुवाई
			४	१	११	१४
		४.४ पालिका कार्यालयबाट तपाईले चाहेको विविरण पाउनु भएको छ ?	सहजै	धेरैपटक धाएपछि	पाइन	वास्ता नै गरिएन
			६	२४	०	०

नागरिक प्रतिवेदनबाट प्राप्त सुझावहरु :

१. कार्यालयले सार्वजनिक चासो तथा समस्या समाधान चाँडो गर्ने व्यवस्था गर्नुपर्ने ।

२. विपन्न वर्गका लागि छुट्याइएको सेवा प्रयोग गरेको सबैलाई जानकारी गराउनुपर्ने ।

३. एउटा कामका लागि धेरैपटक धाउनुपर्ने बाध्यताको अन्त्य गर्नुपर्ने ।

४. कार्यालयको भौतिक अवस्था सुधार गर्नुपर्ने ।

५. सभाबाट कानुन बनाउँदा र कार्यपालिकामा नीति, नियम, निर्देशिका, मापदण्ड तयार गर्दा छलफलमा सरोकारवालालाई सहभागी गराइनुपर्ने ।

६. नागरिक वडापत्र र उजुरी पेटिकाको उपयोग बढाउने नीति बनाउनुपर्ने ।

७. आम्दानी र खर्चको विवरण बाहिर सूचना पाटीमा नियमित टाँस गर्नुपर्ने ।

३.२ बहिर्गमन अभिमतबाट प्राप्त प्रतिक्रिया

३.२.१ २०८२ साउन १५ गतेको कार्यक्रम (पहिलो) को अवस्था

सार्वजनिक सुनुवाई भन्नाले सरोकारवाला सर्वसाधारण नागरिक र अधिकारमा बसेका सार्वजनिक निकायका पदाधिकारीहरु बिच सार्वजनिक चासोका विषयमा सार्वजनिक थलोमा खुल्ला छलफल गर्ने प्रक्रियालाई जनाउँदछ । यस अन्तगत बर्हिगगन अभिमत (Exit Poll) भन्नाले नागरिक बडापत्रद्वारा गरिएका बाचा बमोजिम सेवाग्राहीले सेवा सुविधाको प्राप्तिपछि कार्यालयबाट बाहिर निस्किने समयमा त्यहाँको सेवा सुविधाको विषयमा लेखी वा लेखाई दिएको

अभिमत वा सुझावलाई जनाउँदछ । सेवाग्राहीले सेवा लिने वित्तिकै सेवा प्रतिको धारणा लिन बहिर्गमन अभिमत (Exit Poll) लिने गरिन्छ । गाउँपालिकाबाट सेवा, वस्तु तथा सुविधा प्राप्त गरी बाहिरिएका नागरिक मध्येबाट आकस्मिक नमुना छनौट विधि प्रयोग गरी ३० जनालाई बहिर्गमन अभिमत (Exit Poll) सर्वेक्षण गरिएको थियो । यसरी बहिर्गमन अभिमतका लागि छनौटमा परी अभिमत दिने सबैलाई सार्वजनिक सुनुवाइमा भाग लिन निमन्त्रणा दिइएको थियो । त्यसरी संकलित अभिमतको नतिजा सार्वजनिक सुनुवाइ कार्यक्रममा प्रस्तुत गरिएको छ ।

क. कार्यालयमा आउनुभएको सेवाग्राहीको संख्या

१) सेवाग्राहीको लिङ्ग	महिला	पुरुष
३०	९	२१

२) सेवाग्राहीको जात	आदिवासी जनजाति	दलित	मधेसी	मुस्लिम	खस आर्य	अन्य कुनै
३०	१६	०	०	०	१४	०

३) सेवाग्राहीको उमेर	बालबालिका (१८ वर्षसम्म)	युवा (१९ देखि ४० वर्षसम्म)	४१ वर्षभन्दा माथि उमेर
३०	०	१८	१२

४) सेवाग्राहीको शैक्षिक स्तर	एसएलसी/एसईईसम्म	एसएलसी/एसईई भन्दा माथि
३०	१९	११

५) कार्यालयसम्म आइपुग्दा लागेको समय	३० मिनेटभन्दा कम	३० मिनेटदेखि १ घण्टासम्म	१ घण्टाभन्दा बढी
३०	८	१५	७

६) आउनुको उद्देश्य	कार्यालयको काममा मात्र	अन्य कामको लागि पनि
३०	२१	९

७. कार्यालयमा आउनुभएको सेवाग्राहीको कामको विवरण M

क)	सिफारिस लिन/पुर्‍याउन	१६
ख)	अनुमति/दर्ता/नवीकरण	७
ग)	आर्थिक सहयोग लिन	१
घ)	योजना माग गर्न	२
ङ)	योजनाको किस्ता लिन	०
च)	योजनाको मूल्याङ्कन तथा फरफारक गराउन	०
छ)	योजनाको अन्तिम भुक्तानी लिन	०
ज)	स्थानीय सरकारले राखेको सूचना प्राप्त गर्न	४
झ)	सूचनामूलक सामग्री प्राप्त गर्न	०
ञ)	अन्य कुनै भए	०

८. सेवासुविधा सम्बन्धी स्वमुल्याङ्कन नतिजा :

क.स.	सेवाको नाम	मूल्याङ्कन		
१.	सेवा लिन कोसँग सम्पर्क गर्ने भन्नेमा तपाईको धारणा कस्तो छ ?	अति स्पष्ट	ठीकै	अस्पष्ट
		१०	१६	४
२.	सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ?	अति धेरै	ठीकै	थोरै
		१४	१४	२
३.	तपाईप्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ?	मिलनसार र मैत्रीपूर्ण	ठीकै	अभद्र, अमर्यादित
		२२	८	०

४.	सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु (प्रमाण-कागजात र शुल्क-दस्तुर) बारे तपाईलाई कर्मचारीले स्पष्ट गरे की ?	अति स्पष्ट	ठीकै	अलमल हुने गरी अस्पष्ट
		१३	१७	०
५.	तपाइले राख्नुभएको समस्यालाई के-कस्तो समाधान दिए ?	अति सजिलो तरिकाबाट	ठीकै	समाधान दिन सकेनन्
		२४	६	०
६.	सेवा प्राप्त गर्न अपनाईएको प्रक्रिया कस्तो लाग्यो ?	अति सजिलो (छोटो)	ठीकै	लामो र झन्झटिलो
		१३	१७	०

९. कार्यालयको कुन-कुन पक्षमा धेरै राम्रो लाग्यो, कुन-कुन पक्षलाई सुधार गर्नुपर्ने देखियो ?

राम्रा लागेका कुराहरु	सुधार गर्नुपर्ने विषयहरु
१. सेवाग्राहीसँग राम्रो व्यहार । २. कार्यक्रम सञ्चालन गर्दा समन्वयात्मक भूमिका राम्रो छ । ३. जनप्रतिनिधिहरुले नागरिकको समस्या समाधानमा विशेष चासो दिने गरेको छ । ४. सूचना प्रवाह प्रभावकारी छ । ५. समयको पालना भएको छ ।	१. ठाउँ र वातावारण अनुसारको कार्यक्रम बनाउनुपर्छ । २. सबै शाखाको काम एकै ठाउँबाट भए राम्रो हुनेछ । ३. कार्यालय कम्पाउण्ड बनाउनुपर्छ । ४. घुम्ती शिविर सञ्चालन गर्नुपर्छ । ५. कार्यालयमा खानेपानीको व्यवस्था होस् । ६. कृषि र पशुमा बढी ध्यान दिनुपर्छ । ७. काम छिटो छरितो बनाउनुपर्छ ।

३.२.१ २०८३ जेठ २९ गतेको कार्यक्रम (दोस्रो) को अवस्था

क. कार्यालयमा आउनुभएको सेवाग्राहीको संख्या

१) सेवाग्राहीको लिङ्ग	महिला	पुरुष
३०	६	२४

२) सेवाग्राहीको जात	आदिवासी जनजाति	दलित	मधेसी	मुस्लिम	खस आर्य	अन्य कुनै
३०	१५	०	०	०	१५	०

३) सेवाग्राहीको उमेर	बालबालिका (१८ वर्षसम्म)	युवा (१९ देखि ४० वर्षसम्म)	४१ वर्षभन्दा माथि उमेर
३०	१	१०	१९

४) सेवाग्राहीको शैक्षिक स्तर	एसएलसी/एसईईसम्म	एसएलसी/एसईई भन्दा माथि
३०	१८	१२

५) कार्यालयसम्म आइपुग्दा लागेको समय	३० मिनेटभन्दा कम	३० मिनेटदेखि १ घण्टासम्म	१ घण्टाभन्दा बढी
३०	१५	८	७

६) आउनुको उद्देश्य	कार्यालयको काममा मात्र	अन्य कामको लागि पनि
३०	२२	८

७. कार्यालयमा आउनुभएको सेवाग्राहीको कामको विवरण

क)	सिफारिस लिन/पुर्‍याउन	४
ख)	अनुमति/दर्ता/नवीकरण	४
ग)	आर्थिक सहयोग लिन	०
घ)	योजना माग गर्न	०

ङ)	योजनाको किस्ता लिन	१
च)	योजनाको मूल्याङ्कन तथा फरफारक गराउन	२
छ)	योजनाको अन्तिम भुक्तानी लिन	०
ज)	स्थानीय सरकारले राखेको सूचना प्राप्त गर्न	३
झ)	सूचनामूलक सामग्री प्राप्त गर्न	४
ञ)	अन्य कुनै भए	१३

८. सेवासुविधा सम्बन्धी स्वमुल्याङ्कन नतिजा :

क.स.	सेवाको नाम	मूल्याङ्कन		
१.	सेवा लिन कोसँग सम्पर्क गर्ने भन्नेमा तपाईको धारणा कस्तो छ ?	अति स्पष्ट	ठीकै	अस्पष्ट
		२३	७	०
२.	सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ?	अति धेरै	ठीकै	थोरै
		२१	९	०
३.	तपाईप्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ?	मिलनसार र मैत्रीपूर्ण	ठीकै	अभद्र, अमर्यादित
		२२	८	०
४.	सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु (प्रमाण-कागजात र शुल्क-दस्तुर) बारे तपाईलाई कर्मचारीले स्पष्ट गरे की ?	अति स्पष्ट	ठीकै	अलमल हुने गरी अस्पष्ट
		१९	११	०
५.	तपाइले राख्नुभएको समस्यालाई के-कस्तो समाधान दिए ?	अति सजिलो तरिकाबाट	ठीकै	समाधान दिन सकेनन्
		१८	११	१
६.	सेवा प्राप्त गर्न अपनाईएको प्रक्रिया कस्तो लाग्यो ?	अति सजिलो (छोटो)	ठीकै	लामो र झन्झटिलो
		१९	११	०

९. कार्यालयको कुन-कुन पक्षमा धेरै राम्रो लाग्यो, कुन-कुन पक्षलाई सुधार गर्नुपर्ने देखियो ?

राम्रा लागेका कुराहरु	सुधार गर्नुपर्ने विषयहरु
१. सहज सूचना र परामर्श हुने गरेको छ । २. कर्मचारी मिलनसार । ३. कर्मचारीबाट समय पालना र ४. कर्मचारी मिलनसार र राम्रो कार्यशैली । ५. सहज र छिटो सेवाप्रवाह । ६. समयमा जन्मदर्ता प्रोत्साहन । ७. कागजातबारे प्रष्ट जानकारी ।	१. पशुशाखामा पर्याप्य मात्रामा सेक्स सिमेनको व्यवस्था गर्नुपर्ने । २. टाढाका सेवाग्राहीलाई समयमा कर्मचारी भेट्ने व्यवस्था गर्नुपर्ने । ३. वडा नं. ३ मा विद्युतको समस्या समाधान गरी सेवप्रवाह सहज बनाउनुपर्ने । ४. दरबन्दी अनुसार कर्मचारीको व्यवस्था गर्नुपर्ने । ५. उपकरण प्रभावकारी बनाउनुपर्ने । ६. काम सुस्त भएकाले छिटो छरितो गर्नुपर्ने । ७. असारे विकास अन्त्य गर्नुपर्ने । ८. कार्यालय घेराबारा गर्नुपर्ने । ९. ३ नं. वडा कार्यालयमा नियमित वडा सचिवको व्यवस्था गर्नुपर्ने । १०. सेवाग्राहीलाई तातोपानीको व्यवस्था गर्नुपर्ने । ११. शौचालय सरसफाईमा ध्यान दिनुपर्ने । १२. अपाङ्गता हेल्पडेक्स स्थापना गर्नुपर्ने ।

	१३. अपाङ्गमैत्री संरचना बनाउनुपर्ने । १४. सीपमूलक कार्यक्रममा जोड दिनुपर्ने । १५. घुम्ती शिविर नियमित गर्नुपर्ने । १६. किसानलाई पर्याप्त बिउबिजन वितरण गर्नुपर्ने ।

३.३ सकारात्मक प्रयास

- कार्यालयमा इन्टरनेटको व्यवस्था गरी प्रविधिमैत्री सेवा प्रवाह
- अनलाइन भुक्तानी (EFT) प्रणालीको कार्यान्वयन,
- घटनादर्ता र राजस्व अनलाइन प्रणालीबाट
- सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणालीबाट
- कम्प्युटरराइज प्रविधिद्वारा सेवा प्रवाह (Eoverment लागू गरिएको)
- छिटो र गुणस्तरीय सेवा प्रवाह
- सिसी क्यामेराबाट शाखाको निगरानी व्यवस्थाको कार्यान्वयन,
- सेवाग्राहीको गुनासो सम्बोधन गर्न नियमित सार्वजनिक सुनुवाई कार्यक्रम संचालन,
- यथार्थ नतिजाका लागि सार्वजनिक सुनुवाई कार्यक्रम संयोजन र सहजीकरण तेस्रो पक्षलाई दिइएको,
- नीत तथा कार्यक्रमका लागि सुझाव संकलन गर्न थालिएको,
- क्युआरमार्फत समेत गुनासो वा प्रतिक्रिया लिने गरिएको,

३.४ अघिल्लो सार्वजनिक सुनुवाईका सुझावको कार्यान्वयनको अवस्था

- विकासमा समानुपातिक र समानताको नीति अवलम्बन गरिएको ।
- सुशासन र पारदर्शीतामा विशेष ध्यान दिइएको ।
- गाउँपालिकाले सेवाग्राहीबाट गुनासो लिने भन्दा सुझावहरू लिने र कामलाई निरन्तरता दिइएको ।
- सूचना प्रवाहलाई प्रभावकारी बनाइएको ।
- गाउँपालिकाको हरेक गतिविधि पारदर्शी बनाउन थालिएको ।
- विद्युतीकरणका लागि पहलकदमी थालिएको ।
- सामाजिक सुरक्षाभत्ता नियमित वडावडाबाट वितरण गरिएको ।
- योजनाका कामहरु समावेशी बनाउन थालिएको ।
- स्थलगत निरीक्षण गरी अतिआवश्यक ठाउँमा बजेट विनियोजन गर्नु थालिएको ।
- सहज र सरल रुपमा सेवा प्रवाह गरिएको ।
- विकास निर्माण र बजेटिङ समानुपातिक र समावेशी रुपमा गरिएको ।
- नीत तथा कार्यक्रमका लागि सुझाव संकलन गर्न थालिएको ।

४. कार्यक्रमको विवरण

सन्दकपुर गाउँपालिकाले विकास निर्माण, सुशासन प्रवर्द्धन र सार्वजनिक सेवा प्रवाह सम्बन्धी आर्थिक वर्ष २०८२।०८३ मा दुई पटक सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न गरेको छ। २०८२ साउन १५ गते बिहीबार र २०८३ जेठ २९ गते शुक्रबार गरी जम्मा दुईपटकसार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रम गाउँपालिका अध्यक्ष तुलाराम गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा संयोजन र सहजीकरणको भुमिका निर्वाह गरेको सहजीकरण कम्पनी (इलाम मल्टिपर्पोज कम्पनी प्रालि इलाम) ले सेवा लिँदा अनुभव गरेका, भोगेका र

देखेका कुराहरूलाई उल्लेख गरी पृष्ठपोषण गर्ने पद्धति (नागरिक प्रतिवेदन पत्र) अनुसारको प्रतिवेदन, सेवाग्राहीले सेवा सुविधाको प्राप्तिपछि कार्यालयबाट बाहिर निस्किने सेवाग्राहीको अभिमत (बहिर्गमन अभिमत) र नागरिक वडापत्रको आधारमा सार्वजनिक सेवा प्रवाह सम्बन्धी अध्ययन प्रतिवेदन प्रस्तुतिकरण गरेको थियो । उक्त सार्वजनिक सुनुवाई कार्यक्रमका उद्देश्य नागरिक र वडाको बीचमा दोहोरो सम्वाद स्थापित गरी जवाफदेहिताको संस्कार बसाउने र सार्वजनिक सेवा प्रवाह भरपर्दो र गुणस्तरयुक्त बनाउन नागरिकबाट रचनात्मक सुझाव प्राप्तिको लागि तथा जिज्ञासा र चाहनालाई एकै थलोबाट जानकारी लिई जिम्मेवार पदाधिकारीहरूले स्पष्ट पार्ने तथा प्रतिबद्धता व्यक्त गराउनका लागि यी कार्यक्रमहरूको आयोजना गरिएको हो । कार्यक्रमलाई तीन चरणमा विभाजन गरि संचालन गरिएको थियो । कार्यक्रमको संयोजन, संचालन र सहजीकरण इलाम मल्टिपर्पोज कम्पनी प्रालिका रामकुमार लिम्बू (योङहाङ) ले गरेका थिए । सहसंयोजन प्रकाश नेपाल र नमिन ढकालले गरेका थिए ।

पहिलो चरणमा आशन ग्रहणको कार्यक्रम गरिएको भयो । कार्यक्रम तालिका अनुसार वरिष्ठताको आधारमा सम्पर्ण जनप्रतिनिधि, कर्मचारी र सेवाग्राहीहरूलाई आशन ग्रहण गराईएको थियो । त्यसपछि सहभागी सबैलाई स्वागतसहित कार्यक्रमको बारेमा छोटकरी जानकारी राख्दै सार्वजनिक सुनुवाइको औचित्यबारे जानकारी गराईएको थियो । दोस्रो चरणमा फिल्डबाट ल्याइएका तथ्याङ्क (नागरिक प्रतिवेदन पत्र र बहिर्गमन अभिमत) को परिणाम प्रस्तुत गरिएको थियो । कार्यक्रमको तेस्रो चरणमा प्रश्न उत्तर कार्यक्रम सचांलन गरिएको थियो र सहभागीहरूलाई प्रश्न सोध्न आग्रह गरिएको थियो । हात उठाएकाहरूलाई क्रमशः सबैलाई प्रश्न सोध्ने मौका प्रदान गरिएको थियो । पहिलो कार्यक्रममा १० जना र दोश्रो र्काक्रममा १३ जना सेवाग्राही सहभागीहरूले आआफ्ना प्रश्न, जिज्ञासाहरू र सुझावहरू राखेका थिए ।

अन्त्यमा कार्यक्रमबाट प्राप्त भएका सुझाव तथा गुनासाहरूलाई ग्रहण गरी अगामी दिनहरूमा यथासम्भव सुधार गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दै कार्यक्रमको अध्यक्षले कार्यक्रमको समापन गरे । पहिलो कार्यक्रममा ७० जना र दोश्रो र्काक्रममा ९० जना गाउँवासी एवम् सरोकारवालाहरुको सहभागिता थियो । सो सार्वजनिक सुनुवाई कार्यक्रमको उद्देश्य नागरिक र वडा बीचमा दोहोरो सम्वाद स्थापित गरी जवाफदेहिताको संकार बसाउने र सार्वजनिक सेवा प्रवाह भरपर्दो र गुणस्तरयुक्त बनाउन नागरिकबाट रचनात्मक सुझाव प्राप्त गर्ने रहेको छ । सार्वजनिक सुनुवाई वडा र पालिकावासीहरूको कार्यप्रतिको जिज्ञासा र चाहनालाई एकै थलोबाट जानकारी लिई जिम्मेवार पदाधिकारीहरूले स्पष्ट पार्ने तथा प्रतिबद्धता व्यक्त गर्ने एउटा सामाजिक जवाफदेहिताको औजार हो जुन गाउँपालिकाले निरन्तरता दिनेछ । यस सार्वजनिक सुनुवाइ कार्यक्रमका लागि नागरिक प्रतिवेदन पत्र र बहिर्गमन अभिमतको तयारीको सम्बन्धमा आफ्नो मत दिनुहुने सेवाग्राहीहरू, कार्यक्रममा उपस्थित भएर जिज्ञासा, सुझाव दिनुहुने वडावासी, विभिन्न राजनैतिक दलका प्रमुख तथा प्रतिनिधि, टोल विकास संस्थाका प्रमुख एवम् प्रतिनिधि, पत्रकार र उपस्थित सर्वसाधारण सबैमा हार्दिक धन्यवाद दिदैं उक्त सार्वजनिक सुनुवाइमा कार्यक्रममा उठेका सवालहरूको सम्बन्धमा गरिएका प्रतिबद्धताहरू पूर्णरुपमा कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरिएको थियो ।

४.१ सवाल जवाफ

तपसिल बमोजिमका व्यक्तिहरूले प्रश्न सोध्नुभएको र गाउँपालिकाका पदाधिकारी तथा उत्तरदाताहरुले दिनुभएको थियो ।

४.१.१ २०८२ साउन १५ गते भएको पहिलो सार्वजनिक सुनुवाई कार्यक्रमको सवाल जवाफ :

प्रश्नकर्ताको नाम तथा ठेगाना	सहभागीको प्रश्न, सल्लाह, सुझाव तथा गुनासो	जवाफ दिने पदाधिकारीको नाम तथा पद	संक्षिप्त जवाफको ब्यहोरा
धनकुमार राई सन्दकपुर-१	टोड्के हिले योजना कति पैसाको हो ? सम्पन्न भएको हो	सनम राई २ नं. वडा अध्यक्ष	२० लाखको योजना हो। पूर्वाधार विकास कार्यालयको हो उसैले गरेको

			हो ।
नन्दकुमार मगर सन्दकपुर-४	इलामम सन्दकपुर सडक लथालिङ्ग छ । पशुरोग नियन्त्रणका लागि पहल होस् ।	यादव राउत प्रमुख प्रशासकीय अधिकृत	ठेक्का तोड्दा झनै २/४ वर्ष ढिला हुन्छ । समन्वय गरिरेका छौं । खोरेत रोगसम्बन्धी कार्यक्रम छ ।
कुलप्रसाद ढकाल सन्दकपुर-३	इलम देउराली सडक कालोपत्रे ढिलो भयो । माइपोखरी छिन्टापु सडक बनाउनुपर्छ ।	यादव राउत प्रमुख प्रशासकीय अधिकृत	परियोजना चल्दैछ । डिपिआर भएको छ ।
माधव खनाल सन्दकपुर-३	सातखाल्डे खेलमैदान डिपीआर गर्ने भन्ने थियो बजेट छैन?	यादव राउत प्रमुख प्रशासकीय अधिकृत	ठूलो परियोजना भएकाले पालिकाबाट सम्भव छैन । प्राथमिकतामा राखेर माथिल्लो निकाय पठाएका छौं र
सुजन सापकोटा सन्दकपुर-३	विटीभिर गैरीगाउँ बाटो मर्मत गर्नुपर्छ ।	लिलबहादुर बुर्जा ३ नं. वडा अध्यक्ष	ध्यानाकर्षण भएको छ । स्थानीयको सहयोगमा काम हुन्छ ।
विप्लव भट्टराई सन्दकपुर-३	विपद प्रतिकार्य योजना बनाएर काम गर्नुपर्छ । गतवर्षको राहत दिएको छैन । ३ र ५ लाई इलाम नगरपालिका जोड्ने सडक के भइरहेको छ? इलाम सन्दकपुर साझेदारीका काम गर्ने भन्ने थियो के भइरहेको छ? ढापपोखरीको काम के भइरहेको छ?	यादव राउत प्रमुख प्रशासकीय अधिकृत	समिति छैन । तर विपद व्यवस्थापन कोष छ । पूर्वतयारी छ । इलाम नगरपालिका र सन्दकपुर गाउँपालिकाको साझेदारीमा ५/५ लाखमा सानीमाई बाटो निर्माण भएको हो । अन्य काम आगामी विस्तारै हुनेछ ।
नरेश श्रेष्ठ निर्माण व्यवसायी	२०७४ सालमा काम गरेको अझै भुक्तानी पाइएन । कहिले पाउने?	हरिबहादुर लुङ्गेली गाउँपालिका उपाध्यक्ष	कार्यालयसँग लिखित सम्झौता गरेको कागज केही नभेटिएकाले भुक्तानीमा समस्या भएको हो ।
दिनेश सुवेदी सन्दकपुर-३	११ शैय्याको अस्पताल के भइरहेको छ? रकम भौज्दात किन रहन्छ? ४/५ करोड रकम किन फ्रिज हुन्छ?	यादव राउत प्रमुख प्रशासकीय अधिकृत	अस्पताल ठ्क्का नतोडिएकाले चालु देखिएको छ । समानीकरण, राजस्व, आन्तरिक आम्दानी अल्या ल्याउँछौं ।
खेमराज पोख्रेल सन्दकपुर-३	प्राविधिक धारको विद्यार्थी न्युन छ । हरेक वडाबाट प्राविधिक धारको अध्ययन गर्ने वातावारण बनाउनुपर्छ ।	यादव राउत प्रमुख प्रशासकीय अधिकृत	सबैजना लागेर त्यसै गर्ने हो ।
सन्तोष खतिवडा सन्दकपुर-३	माइपोखरीमा पुजारी व्यवस्थापन गर्न सकेनौं किन?	यादव राउत प्रमुख प्रशासकीय अधिकृत	त्यसका लागि माइपोखरी व्यवस्थापन समिति बनेको छ । उसैले अब गर्नेछ ।

४.१.२ २०८३ जेठ २९ गते भएको दोश्रो सार्वजनिक सुनुवाई कार्यक्रमको सवाल जवाफ :

प्रश्नकर्ताको नाम तथा ठेगाना	सहभागीको प्रश्न, सल्लाह, सुझाव तथा गुनासो	जवाफ दिने पदाधिकारीको नाम तथा पद	संक्षिप्त जवाफको ब्यहोरा
नेत्रप्रसाद रिजाल सन्दकपुर-३	हाम्रो सन्दकपुरतिन सहकारीमा ऋण असुली राम्रोसँग हुन सकेको छैन, यो ठूलो समस्या भएको छ। अर्को कुरा, हामीले सफ्टवेयर त चलाउन थालेका छौँ तर त्यसमा डाटा इन्ट्री गर्न प्राविधिक मान्छे चाहिन्छ । अहिले सहकारीमा त्यस्तो प्राविधिक जनशक्ति छैन । त्यसैले पालिकाले यसतर्फ ध्यान दिएर प्राविधिक व्यवस्था मिलाइदिनुपर्छ भन्ने हाम्रो माग हो।	बेधनीधि दुलाल सहकारी शाखा प्रमुख	तपाईंहरूले उठाउनुभएको कुरा सही हो । सहकारीमा ऋण असुलीमा समस्या रहेको हामीलाई पनि जानकारी छ । साथै अहिले अनलाइन प्रणालीमा डाटा इन्ट्री गर्नुपर्ने भएकाले प्राविधिक जनशक्तिको आवश्यकता परेको छ । सहकारी क्षेत्रमा शिक्षा र क्षमता अभिवृद्धि पनि आवश्यक देखिएको छ। यी समस्याहरू समाधान गर्न पालिकाले आवश्यक पहल गर्नेछ र प्राविधिक सहयोग उपलब्ध गराउनेतर्फ हामी लाग्नेछौँ।
थलबहादुर बुर्जा सन्दकपुर-१	अनुदान वास्तविक व्यक्तिले पाएका छैनन्, किन यस्तो भइरहेको छ? कृषि र पर्यटनलाई प्राथमिकता दिनु आजको आवश्यकता हो। युवालाई केन्द्रमा राखेर योजना बनाइनुपर्छ। पालिकाभित्र भइरहेका विकास निर्माणका कामहरू गुणस्तरयुक्त हुनुपर्छ र त्यसको पटकपटक अनुगमन गरिनुपर्छ । साथै साकेलाथान निर्माणमा के भइरहेको छ?	रहरकुमार राई १ नं. वडाध्यक्ष	साकेलाथान निर्माणका लागि दुई लाख रुपैयाँ अनुदान विनियोजन भएको छ र हाल आलुबारी क्षेत्रमा काम भइरहेको छ । त्यो पहिले निर्माण सुरु गरिएकोमा त ध्यान नै गएन रहेछ। अब सोच्नेछु। अन्य योजनाहरू पनि गाउँपालिकाले प्राथमिकताका आधारमा अगाडि बढाइरहेको अवस्था छ।
चन्द्रबहादुर राई सन्दकपुर-३	टोल विकास संस्थाले १५ प्रतिशत लागत सहभागिता जम्मा गर्न कठिन भइरहेको छ । साथै, काम गर्ने स्पष्ट नीति नभएको कारणले पनि समस्या आइरहेको छ । सेक्स सिमेन्ट राम्रो नभएको कारणले त्यसबाट उत्पादन हुने वस्तुको गुणस्तर पनि राम्रो छैन, त्यसलाई सुधार गर्नुपर्ने आवश्यकता देखिएको छ। सुवास अधिकारी घर माथि बिमला सार्देनको घरमाथि निर्माण गरिएको कुलोले बाटो समस्या छ, मर्मत चाँडो गरिनुपर्यो।	हरिबहादुर लुङ्गेली गाउँपालिका उपाध्यक्ष	अहिले धेरै कुरा नीतिकै कारण अल्झिएको अवस्था छ, तर हामी यसलाई क्रमिक रूपमा सुधार गर्दै लैजानेछौँ । हालसम्म योजनाहरूको तीन पटकसम्म अनुगमन गरिएको छ र आगामी दिनमा पनि पटक–पटक अनुगमन गरिरहनेछौँ। विभिन्न दोष र आरोपहरू लाग्दै आएका छन्, यस्तो अवस्था निरन्तर दोहोरिँदा चिन्ता पनि बढ्छ। तर हामी निरन्तर रूपमा काम गरिरहेका छौँ र अनुगमनलाई अझ प्रभावकारी बनाउँदै जानेछौँ। सडक मर्मत हुन्छ।

दीपक गुरुङ सन्दकपुर-५	महालेख परीक्षकको प्रतिवेदन हेर्दा गाउँपालिकाको नतिजा उत्साहजनक देखिँदैन। सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत केके भइरहेको छ? विपद्बाट क्षति भएकाहरूले अहिलेसम्म आवास नपाउनुको कारण के हो? करको दायरा किन साङ्गुर हुँदै गएको छ, यसलाई विस्तार गर्न सकिँदैन? गाउँपालिकामा हुने विकास निर्माणका योजनाहरूमा किन पटकपटक विवाद हुने गरेको छ? कृषि र पर्यटनमा ध्यान दिनुपर्छ। चालु खर्च पनि सार्वजनिक गरियोस्।	दिलकुमार लिम्बू प्रमुख प्रशासकीय अधिकृत	फिल्डमा धेरै कामहरू सम्पन्न भएका छन् तर केही कामहरूको भुक्तानी प्रक्रिया बाँकी रहेको छ। कतिपयले कार्यसम्पादन गरे पनि भुक्तानी लिन बाँकी छ भने कतिपयले लिइसक्नुभएको छ, अहिले भुक्तानीकै प्रक्रिया अगाडि बढिरहेको छ। सुरक्षित नागरिक आवासका लागि २५ लाख बजेट आएको छ र सोहीअनुसार काम भइरहेको छ। करको दायरा हामी क्रमिक रूपमा विस्तार गर्दै लगेका छौँ। साथै बेरुजु फछर्यौट गर्ने काम पनि भइरहेको छ। विपद् व्यवस्थापनका लागि टोल–टोलमा समितिहरू गठन गर्दै गइरहेका छौँ र आवश्यकता अनुसार थप गर्दै जानेछौँ।
धनप्रकाश राई सन्दकपुर-३	१५ शैयाको अस्पताल निर्माण प्रक्रिया कहाँ पुगेको छ? इलाका स्तरको प्रहरी कार्यालय किन स्थापना हुन सकेको छैन? सन्दकपुरमा सातखाल्डे सहित खेलमैदानका लागि विनियोजित बजेट अनुसार काम किन अघि बढ्न सकेको छैन? साथै सौन्दर्यकरणका योजनाहरू बजेट अनुसार सम्पन्न किन हुन सकेका छैनन्?	हरिबहादुर लुङ्गेली गाउँपालिका उपाध्यक्ष	अस्पताल निर्माणका लागि प्रस्तावित स्थान विज्ञहरूले उपयुक्त नभएको सुझाव दिएका कारण काम अघि बढ्न सकेको छैन। यद्यपि आवश्यक प्रक्रिया पूरा गर्दै छिट्टै अगाडि बढाइनेछ। प्रहरी चौकी निर्माणको विषय माथिल्लो तहको निर्णयसँग सम्बन्धित भएकाले सम्बन्धित निकायसँग निरन्तर छलफल र समन्वय भइरहेको छ, सम्भवतः छिट्टै टुङ्गो लाग्नेछ। अन्य योजनाहरू पनि प्रक्रियागत कारणले केही ढिलाइ भए पनि क्रमिक रूपमा सम्पन्न गरिनेछ।
हरिकृष्ण खतिवडा सन्दकपुर-३	हालसम्म बिग्रिएका बाटाघाटाहरूको मर्मतसम्भार किन ढिलो भइरहेको छ? सम्बन्धित काम किन समयमै अघि बढ्न सकेको छैन?	हरिबहादुर लुङ्गेली गाउँपालिका उपाध्यक्ष	बाटो मर्मतका कामहरू अहिले प्रक्रियामै रहेका छन्। यस्ता योजनाहरू उपभोक्ता समितिमार्फत सञ्चालन हुने भएकाले १५ प्रतिशत लागत सहभागिता अनिवार्य हुन्छ। यो सहभागिता नहुँदासम्म काम अघि बढाउन सकिँदैन, र हालका लागि यो व्यवस्था हटाउन सम्भव छैन।
वरबल अग्रवाल सन्दकपुर-३	माइपोखरीमा पुजारी बिहान मात्र आउने हो कि बेलुका पनि आउने व्यवस्था छ?	हरिबहादुर लुङ्गेली गाउँपालिका उपाध्यक्ष	माइपोखरीको समग्र विकासका लागि एउटा समिति निर्माण गरिएको छ र सोही समितिलाई अधिकार प्रत्यायोजन गरिएको छ। त्यसैले पुजारीको समय व्यवस्थापन लगायतका विषयमा निर्णय गर्ने अधिकार

			पनि समितिलाई नै रहेको छ । यस विषयमा गाउँपालिकाको ध्यानाकर्षण भएको छ र आवश्यक समन्वय गरिनेछ ।
धनप्रसाद लिम्बू सन्दकपुर-४	सडक निर्माणका क्रममा जनताको जग्गा मिचिएको अवस्थामा लागत कट्टा हुनुपर्छ । साथै टोलबाट सञ्चालन हुने कामहरूमा विभिन्न समस्याहरू देखिएका छन् । यी समस्याहरू समाधान गर्न गाउँपालिकाले पहल गर्नुपर्ने अवस्था छ ।	दिलकुमार लिम्बू प्रमुख प्रशासकीय अधिकृत	सडकको लागत कट्टा गर्ने अधिकार पालिकासँग छैन । टोलमा देखिएका समस्याहरूको विस्तृत जानकारी पालिकालाई गराइदिनुहोस्, त्यसअनुसार पालिकाबाट आवश्यक समन्वय र सहयोग उपलब्ध गराइनेछ ।
प्रेम नाछिरिङ सन्दकपुर-३	देउराली बजार व्यवस्थापनका र चौतारा निर्माणका लागि बजेट थियो । काममा अवरोध छ किन ? १ न्मरबमा अघिल्लो कार्यकालमा सुरु भएको माङखिम अलपत्र छ । अर्को ठाउँ सुरु गरियो किन? माइपोखरीमा समिति गठन भएको तर काम सुस्त गतिमा भइरहेको छ । हालसम्म समितिको बैंक खाता समेत खोल्न समस्या भइरहेको छ, जसले गर्दा भुक्तानी प्रक्रियामा असर परेको छ । त्यसैले खाता छिटो खोल्न पहल गरिनुपर्छ भन्ने आग्रह छ ।	रहरकुमार राई १ नं. वडा अध्यक्ष दिलकुमार लिम्बू प्रमुख प्रशासकीय अधिकृत	देउराली बजार व्यवस्थापन र चौतारा निर्माणका लागि १२ लाख छ । तर त्यहाँबाट १ नम्बर जाने सडकलाई असर पर्ने भएकाले विकल्प खोज्नुपृछ भनिएको हो । छलफल गरौं विकल्प खोजेर बनाउँ । सिमखण्डमा निर्माणाधीन माङखिममा मेरो ध्यान गएन । समितिबाट पनि माग आएन । अब ध्यान गएको छ । माइपोखरी क्षेत्रमा समिति गठन भइसकेको छ तर केही प्रक्रियागत कारणले काम सुस्त भएको हो। बैंक खाता खोल्ने प्रक्रिया पनि छिट्टै टुङ्ग्याएर भुक्तानीलाई सहज बनाइनेछ। यस विषयमा गाउँपालिकाको ध्यानाकर्षण भएको छ र आवश्यक समन्वय गरी कामलाई तीव्र बनाइनेछ ।
लिला भट्टराई सन्दकपुर-३	कृषि, पर्यटन, होटल तथा होमस्टेका लागि आवश्यक तथ्याङ्क गाउँपालिकासँग छ कि छैन? दर्ता नभएका होटल तथा होमस्टेहरूलाई करको दायरामा ल्याउनुपर्ने आवश्यकता छ। सहकारीहरूमा प्राविधिक जनशक्तिको अभाव देखिएको छ, यसलाई समाधान गर्न पालिकाले सरलीकरण गर्नुपर्छ। महिला स्वास्थ्य स्वयंसेविकाहरूका समस्याहरू समाधान गर्न आवश्यक छ । पालिकाका विभिन्न	दिलकुमार लिम्बू प्रमुख प्रशासकीय अधिकृत	कृषि र पर्यटन जोड्ने नै हो । सहरकारी शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ । कतिपय कामहरू ढिला हुने गरेको विषयमा आवश्यक कागजात अभाव र प्रक्रिया नपुगेका कारण ढिलाइ भएको हो । प्राविधिक जनशक्तिको अभाव सम्बन्धी विषयमा गाउँपालिकाको कार्यपालिका बैठकबाट आवश्यक निर्णय गरिनेछ । विभिन्न कार्यविधिहरू निर्माण गर्ने काम भइरहेको छ र आवश्यकताअनुसार थप कार्यविधिहरू पनि निर्माण गर्दै लगिनेछ । सबै सुझावहरु राम्रा आएका छन् । हामी ग्रहण गर्नेछौ । आगामी दिनमा कार्यान्वयन गर्नेछौं ।

	शाखाहरूमा बजेट अभाव देखिएको छ, त्यसलाई फराकिलो बनाइनुपर्छ । साथै, होटल र होमस्टे सञ्चालनका लागि आवश्यक कार्यविधि बनाएर यहीँ दर्ता हुने व्यवस्था मिलाउनुपर्ने आवश्यकता छ ।		
जीवन शिवा सन्दकपुर-३	सधैँ पाउने पुरस्कार, दलित समुदायका दुई जना विद्यार्थी कक्षा ८ मा प्रथम हुँदा पनि किन पुरस्कार तथा सम्मान पाउन सकेनन्?	धुर्व सेजुवाल शिक्षा शाखा प्रमुख	उक्त रकम काटिएको होइन, ५० हजार बजेट व्यवस्था रहेको छ । अब आवश्यक प्रक्रिया पूरा गरी छिट्टै सम्बन्धित स्थानमा रकम स्थानान्तरण गरिनेछ र विद्यार्थीहरूले पुरस्कार तथा सम्मान पाउने व्यवस्था मिलाइनेछ ।
दिनेश सुवेदी सन्दकपुर-३	विनियोजित बजेटका कामहरू छिटो सम्पन्न होस्, रकम फ्रीज नहोस् । जमुन-माइमझुवा सडक, पुल तथा पहिरो समस्याको तत्काल समाधान गरियोस् । साथै, आगामी बजेटमा युवामुखी कार्यक्रमहरू समेटिनुपर्छ ।	तुलबहादुर गुरुङ गाउँपालिका अध्यक्ष	विकास निर्माणका कामहरूलाई समयमै सम्पन्न गर्ने र बजेट फ्रीज हुन नदिनेमा जोड दिइनेछ । सडक, पुल तथा पहिरो व्यवस्थापनलाई प्राथमिकतामा राखेर काम अघि बढाइनेछ । साथै, आगामी बजेटमा युवालाई लक्षित कार्यक्रमहरू समेट्दै जाने नीति लिइनेछ । यहाँहरूले दिनुभएको सबै सल्लाह, सुझाव र गुनासाहरूलाई हामीले सिरोधार्य गरेका छौँ। आगामी बजेट निर्माण गर्दा यी सबै कुराहरूलाई प्राथमिकतामा राखेर कार्यान्वियन गर्नेछौँ । गाउँपालिकामा देखिएका समस्याहरूलाई समाधान गर्दै सबैको सहकार्यमा अगाडि बढ्ने हाम्रो प्रतिबद्धता छ ।

सहभागीबाट आएका सुझावहरू:

- विकासमा समानुपातिक र समानताको नीति अवलम्बन गर्नुहोला ।
- पक्षपातरहित रुपमा बजेट विनियोजना गर्नुहोला ।
- ठूलाठूला काम गर्नुभन्दा जनताहरूलाई प्रत्यक्ष फाइदा पुग्ने सुशासन सम्बन्धी ध्यान दिनुपऱ्यो ।
- सुशासन र पारदर्शीतामा विशेष ध्यान दिनुहोला ।
- गाउँपालिकाले सेवाग्राहीबाट गुनासो लिने भन्दा सुझावहरू लिने र काम गर्ने गर्नु पऱ्यो ।
- कार्यलयमा नियमित रुपमा कर्मचारी भेट्न पाउने व्यवस्था गरिनुपर्‍यो ।
- जनप्रतिनिधि र कर्मचारीको नियमित जनसम्पर्क हुनुपर्दछ ।
- योजना सुरू हुनुभन्दा अगावै स्थानीय उपभोक्ताहरुमा जानकारी गराईनुपर्‍यो ।
- सूचना प्रवाहलाई प्रभावकारी बनाइनुपर्‍यो ।
- सबैलाई समान व्यवहार गरिनुपर्‍यो ।

- विकासको काम दीगो र वातावारणमैत्री हुनुपर्‍यो ।
- सूचना प्रवाह प्रभावकारी बनाउनुहोला ।
- समानुपातिक र समावेशी सिद्धान्त लागू गर्नुहोला ।

४.२ प्रतिवद्धता

कार्यक्रमको अन्त्यमा गाउँपालिका कार्यालयको तर्फबाट निम्नानुसार प्रतिवद्धता व्यक्त गरिएको थियो ।

- सार्वजनिक सुनुवाईमा नागरिक प्रतिवेदन पत्र र बहिर्गमन अभिमतको प्रतिवेदनले औंल्याएका विषयहरु र खुल्ला छलफलबाट आएका सल्लाह सुझावलाई सकारात्मक रुपमा ग्रहण गरिएको छ ।
- वार्षिक योजनाहरूलाई आवश्यकता र प्राथमिकताको आधारमा पूरा गर्दै लगिनेछ ।
- सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनानेछ ।
- नागरिक वडापत्र र गुनासो/उजुरी पेटिकालाई प्रभावकारी बनाईनेछ ।
- नियमित सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरी सेवाग्राही नागरिकको गुनासो लिने र सम्बोधन गरिनेछ ।

५. निष्कर्ष

सन्दकपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको आयोजना र इलाम मल्टिपर्पोज कम्पनी प्रालि इलामको संयोजन तथा सहजीकरणमा भएको सार्वजनिक सुनुवाई कार्यक्रमले गाउँपालिकालाई नागरिकहरुप्रति उत्तरदायी तथा जवाफदायी बनाउन सहयोग गरेको छ । यस कार्यक्रमले स्थानीय तहद्वारा सम्पादित कामहरुका बारेमा आम नागरिक र सरोकारवालाहरुलाई सुसूचित गर्ने सुवर्ण मौका प्रदान गरेको छ । कार्यक्रमको प्रभाव वडामा पर्ने निश्चित छ । साथै सबैले स्थानीय तहलाई पारदर्शी, जवाफदेयी तथा उत्तरदायी बनाउने कार्यमा लाग्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

प्रतिवेदन दिएको मिति : २०८३।०२।२९

सार्वजनिक सुनुवाई संयोजकको दस्तखत :

कार्यक्रमका तस्बिरहरु

कार्यक्रमका तस्बिरहरु

\

कार्यक्रमका तस्बिरहरु



कार्यक्रमका तस्बिरहरु

कार्यक्रमका तस्बिरहरु

कार्यक्रमका तस्बिरहरु

कार्यक्रमका तस्बिरहरु

कार्यक्रमका तस्बिरहरु

कार्यक्रमका तस्बिरहरु

कार्यक्रमका तस्बिरहरु

कार्यक्रमका तस्बिरहरु

कार्यक्रमका तस्बिरहरु

कार्यक्रमका तस्बिरहरु

कार्यक्रमका तस्बिरहरु